२३ मार्च २०२५ मा मौजा विजयपुर समाजका कार्य समिति र सदस्यज्युहरुले बसेको साधारण बैठकमा उल्लेखित भएका र निर्णय लियियेका बुँदाहरु यस प्रकार छन् |

उपस्थिति :

१. डम्बर गुरुङ

२. बिल बहादुर गुरुङ

३. राम कुमार गुरुङ

४. खुमराज गुरुङ

५. बिर काजि गुरुङ

६. दीपक गुरुङ

७. टिकाराम गुरुङ

८. इन्द्र कुमार गुरुङ

९. धन गुरुङ

१०. बिन्दुराज गुरुङ

११. निरजंग गुरुङ

१२. याम गुरुङ

१३. चोक गुरुङ

१४. थमन गुरुङ

१५. इन्द्र बहादुर गुरुङ

१६. रेशम गुरुङ

१७. कुमार गुरुङ

१८. पंच गुरुङ

१९. राम कुमारी गुरुङ

२०. तारा गुरुङ

२१. रचना गुरुङ

माइनुट :

१. बैठक ११:४५ मा सुरु भएको थियो र अध्यक्ष डम्बर गुरुङज्युले बैठकमा उपस्थित सबैलाई स्वागत गर्नु हुँदै उपस्थिति जनाउनु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो र सचिब टिकाराम गुरुङज्युलाई बैठक सुरु गर्न अनुरोध गर्नु भयो |

२. नि बर्तमान अध्यक्ष राम कुमार गुरुङज्युले बैठकमा उपस्थित सबैलाइ स्वागत गर्नु हुदै आफ्नो कार्य कालमा सबैको साथ र सहयोगको लागि धन्यवाद दिनु भयो | आफ्नो कार्य कालमा आफु सित भएको समाजको जिन्सीको विवरण पेस गर्नु भयो |

आफ्नो कार्य अवधि सकियेता पनि समाजको लागि आफूबाट हुने सहयोग र आवस्येक निर्देसनहरु सदैव रही रहने प्रतिबद्धता जनाउनु भयो | नव निर्वाचित अध्यक्ष डम्बर गुरुङज्युलाई कार्य हस्तान्तरण गर्नु हुँदै सम्पूर्ण कार्य समितिलाइ बधाई दिनु हुदै कार्य सफलताको सुभ कामना दिनु भयो |

३. बैठकबाट समाजको कार्य समितिको भाइबर ग्रुप बन्द गर्ने निर्णय भयो जसको जिम्मा अध्यक्ष डम्बर गुरुङज्युले लिनु भयो |

४. नेपालमा खोलिएको हिमालय मा बि बचत खाताको बारेमा अध्यक्ष डम्बर गुरुङज्युले जानकारी दिनु भयो | आज सम्म सो खाता बिद्यालय संचालन समितिले राम्रो र नियमपूर्वक नचलाएको भन्दै नया संयोजक राख्नु पर्ने प्रस्ताब राख्नु भयो |

आज सम्मको खाता विवरण १६ डिसेम्बर २०२४ मा पूर्व अध्यक्ष एक बहादुर गुरुङज्युले प्राइम कमर्सियल बैंकमा ने रू १६००००० तिन बर्षको लागि नया बचत खातामा जामा गर्नु भएको छ | ब्याज

रकम ने रू २८७९५१ पुरानो बैंक मै सुरक्षित छ | बैठकले ओम गुरुङज्युलाई हिमालय मा बि ट्रस्ट संयोजक चयन गरेको छ |

५. कोस अध्यक्ष दीपक गुरुङज्युले समाजको खातामा आज सम्मको रकम £१२१६६.८१ भएको जनाकरि दिनु भयो | समाजको खाता वहाँको नाममा नामसरी भएको पुस्टि दिनु भयो तर बैंकको नियमको कारणले गर्दा वहाँले कुनै पनि बैंक कार्य अन लाइन गर्न नमिलेको तसर्थ सबै कार्य चेक बाट गर्नु पर्ने पुस्टि दिनु भयो | यो समस्या समाधानको लागि वहाँ लगाएत नि बर्तमान अध्यक्ष राम कुमार गुरुङज्युले बैंक सित मिलाउने कोशिस गर्नु हुने छ | येदि नमिलेको खण्डमा वहाँहरुले समाजको नया खाता खोल्नु हुने छ जसको जानकारी कार्य समाप्ति पछि हामि सबैलाई दिनु हुने छ |

६. सल्लाहाकार खुमराज गुरुङज्यूले हल बूकिंग सुल्क £८२५ वहाँले आफ्नो खाताबाट तिर्नु भएको जानकारी दिनु भयो | वहाँलाइ कोस अध्यक्ष दीपक गुरुङज्युले समाजको खाता बाट पूर्ति गर्नु हुनेछ | वहाँले डि जे पनि बुक भई सकेको र सुल्क £३०० लाग्ने पुस्टि दिनु भयो | यस पालि हल संचालकले क्याटरिंग वालाहरुको लाइसंस चेक गर्न सक्ने संदेश पनि दिनु भयो |

७. समाजको विधान लागू भएदेखि विभिन्न बैठकहरुमा उक्त विधानका विभिन्न दफाहरुमा संशोधन हुदै आएकाले उक्त संशोधित विधानलाई  तीन सदस्य रहेको समितिको गठन गरि प्रकाशित (100/150 प्रति ) गर्ने निर्णय गरियो। उक्त समितिमा अध्यक्ष डम्बर गुरुङ, सचिव जीवन गुरुङ र समाजका प्रमुख सल्लाहकार बिल बहादुर गुरुङ रहने निर्णय गरियो।

८. बैठकले सह कोष अध्यक्षमा चोक गुरुङज्युलाइ चयन गरेको  छ |

९. बैठकले यस वर्ष पनि समाजको बर्सिक चेलीबेटी भेटघाट कार्यक्रमका संयोजक इन्द्र कुमार गुरुङज्युलाइ चयन गरेको छ |

वहाँले छिट्टै कार्यक्रमको व्यवस्थापक निर्देसन प्रकासित गर्ने जनाकारि दिनु भयो |

१०. बैठकले बर्सिक चेलीबेटी भेटघाट कार्यक्रमको सुल्क यस प्रकार निर्णय लिएको छ :

क . अनिवार्य सबै सदस्यज्युहरुले तिर्नु पर्ने शुल्क :

i. एकल सदस्य नबिकरण सुल्क = £५

ii. अन्य (जोडी ) सदस्य नबिकरण शुल्क = £१०

iii. चेलीबेटी पार्टी योगदान शुल्क = £४०

ख . पार्टी शुल्क ( यो शुल्क पार्टीमा उपस्थित सबैले तिर्नु पर्ने शुल्क हो | कुनै कारण बस उपस्थित हुन नसके यो शुल्क तिर्नु पर्दैन ) :

i. अडल्ट १८ बर्ष देखि माथि = £२० प्रति व्यक्ति

ii. १० -१७ बर्ष = £१० प्रति व्यक्ति

iii. ७० - ७९ बर्ष = £१० प्रति व्यक्ति

iv. १० बर्ष भंदा मुनि = निसुल्क

v. ८० वर्ष देखि माथि = निसुल्क

vi. नेपाल वा बिदेसबाट UK घुम्न आउनु भएको अतिथि : निसुल्क

११. बैठकमा निम्न लिखित व्यक्तिहरुले पार्टीको अन्य व्यवस्थापनमा निम्न जिम्मा लिनु भएको छ :

१. कलाकार संयोजक : राम कुमार गुरुङ

२. क्याटरिङ्ग संयोजक : धन गुरुङ

३. पेय संयोजक : दीपक गुरुङ

४. टेबल कपडा नया किन्ने : धन गुरुङ

५. राफल ड्र संयोजक : इन्द्र कुमार गुरुङ

१२. सबै सदस्यज्युहरुले कार्यक्रममा उपस्थिति वा अनुपस्थिति जनाउने अन्तिम दिन ११ जून २०२५ | सबै गाउँका प्रतिनिधिज्युहरुले आ आफ्नो गाउँका संख्या विवरण र सुल्क रकम संकलन यो दिन भित्र गरि दिनु हुन बिनम्र अनुरोध गरिन्छ |

१३. यस वर्ष कार्यक्रमको प्रमुख अतिथि समाजको ब्रिद्द सदस्यलाइ कार्यक्रम कै दिनमा चयन गरिने छ |

१४. बैठकको खाना खर्च £३६४ समाजको खाताबाट लियिएको छ |

१५. अन्त्यमा बैठकमा उपस्थित भइ केहि महत्वपूर्ण निर्णयहरु लिन सहयोग पुराउनु भएकोमा उपस्थित सबै सदस्यज्यूहरुलाई धन्यवाद ज्ञापन गर्नु हुँदै अध्यक्ष डम्बर गुरुङज्युले समाजको हितको लागि हामि सबै एक अर्का सित सहकार्य गरि हात मा हात मिलाई अगाडी बढ्नु पर्छ भन्नु भयो र बैठक समापन १५:३० मा गर्नु भयो |

आज्ञाले

टिकाराम  गुरुङ

सचिब

डम्बर  गुरुङ

अध्यक्ष